# खण्ड ७

# विकास र वातावरण

विकास र वातावरणलाई सामञ्जस्य गरेर यसका प्रतिफलहरू समाजमा न्यायोचित रूपमा वितरण गर्नु एउटा चुनौतीको रूपमा देखा परेको छ। 'विकास'–जसलाई मुख्यत: पश्चिमी शैलीको भौतिक प्रगति तथा मानव सुविधा/संरक्षण भनेर बुझ्ने गरिएको छ–गरिब तथा विकासोन्मुख देश/जनताहरूको मुख्य लक्ष्य भएको छ। तर यो विकासलाई वातावरणमा न्यून असर पर्ने तरिकाले सञ्चालन गर्नुपर्ने चुनौती छ। विश्वमा भएको प्राविधिक विकासले यसलाई केही हदसम्म सहयोग पुऱ्याउन सक्छ भन्ने धारणा पनि उत्तिकै बलियो छ। दिगो विकासको अवधारणामा विकास र वातावरण संरक्षणलाई सामञ्जस्य गर्न सहयोग पुऱ्याउने लक्ष्य राखिन्छ।

पश्चिमा औद्योगिक देशहरूको औद्योगीकरण र विकासले संसारको वातावरणीय स्थान (environmental space) को धेरै अंश पहिल्यै ओगटिसकेका छन् (त्यो अंश उनीहरूको प्रदूषणले लिएको छ)। अब विकासोन्मुख देशहरूलाई प्रदूषण गर्ने स्थान एकदमै कम छ। यस्तो अवस्थामा गरिब देशहरूको विकास गर्ने अधिकार पनि हनन् हुनपुग्छ। यो स्थितिमा औद्योगीकरण भएका राष्ट्रको जिम्मेवारी बढाउनु पर्दछ। उनीहरूले प्रविधि हस्तान्तरण गरेर प्रदूषण कम गर्ने विकासमा सहयोग गर्नुको साथै भौतिक सुविधा कटौती गरी स्रोत संरक्षण गरेर गरिब राष्ट्रहरूको दिगो विकासमा

प्रयोग गर्नुपर्दछ । अन्यथा अन्तर्राष्ट्रिय स्तरको वातावरणीय अन्यायको सिर्जना हुन्छ । क्योटो प्रोटोकलअन्तर्गत कार्बन-ट्रेडिङ (व्यापार)को प्रावधानले हालको स्थितिमा भइरहेको वातावरणीय अन्यायलाई केही कम गर्न पश्चिमी देशको स्रोत गरिब देशमा जाने उपाय त देखाउँछ, तर यो व्यवहारमा आउने सम्भावना कमै छ (पुस्तकको अन्तिम खण्डमा क्योटो प्रोटोकलको छोटो परिचय दिइएको छ) । यस्तो व्यापारिक प्रावधानले पहिल्यै भएका अन्यायहरूलाई कुनै ध्यान दिँदैन ।

दिगो विकासको अभावमा कसरी वातावरणीय समस्या सृजना भई स्रोत-संरक्षण गर्ने समूह विस्थापित हुन्छन् र विकासको प्रतिफल सुविधासम्पन्न वर्गले लिने प्रकृया स्थापित हुन्छ भन्ने तथ्य यस खण्डका लेखले देखाउँछन् । यो खण्डको पहिलो र दोस्रो लेखले दिगो विकासको शुरुआत तथा विश्व सम्मेलनहरूको भूमिकाबारे प्रकाश पार्दै 'दिगो विकास'को अवधारणाको प्रयोग व्यवहारिक रूपमा कति जटिल छ भन्ने प्रष्टचाउन खोजेका छन् । पहिलो लेख मुख्यतः 'दिगो विकास' अवधारणाको उत्पत्ति, विकास र सैद्धान्तिक पक्षमा केन्द्रित छ । दिगो विकासको अवधारणा वातावरणलाई नबिगारीकन अधिकतम् प्रयोग गरी मानव समाजको असीमित भौतिक आवश्यकता पूर्ति गर्न सकिन्छ भन्ने मान्यतामा आधारित छ । यसकारण यस अवधारणाले पश्चिमी समाजमा भएको उपभोगवादलाई कम गर्न कुनै ध्यान दिएको छैन र यस्तो उपभोगवादको प्रवृत्तिमा कमी ल्याउन नसकेमा वातावरणको संरक्षण दिगो हुन सक्तैन भन्ने तर्क पहिलो लेखको छ। दोस्रो लेखले विशेषतः ठूला अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्ताव गर्ने दस्तावेज कसरी तयार हुन्छन्, दस्तावेज तयार गर्न जनसहभागिता किन जुटाइँदैन र यस्ता दस्तावेजमा साधारणतया के हुन्छ भनेर सन् २००२ मा जोहनसवर्गमा सम्पन्न दिगो विकासको विश्व सम्मेलनमा नेपालको तर्फबाट पेश हुने दस्तावेजको विश्लेषण गरेको छ । तेस्रो र चौथो लेख वातावरण संरक्षण र विकासको विवादमा केन्द्रित छन्– चितवनको राप्ती नदीको सिँचाइ योजना र यसले वन्यजन्तु संरक्षणमा पार्ने प्रभावको सन्दर्भलाई लिएर । यो खण्डको पाँचौं लेखमा कुलेखानी आयोजनाको उदाहरण दिएर अहिलेको विकास प्रकृयामा स्थानीय बासिन्दा कसरी पीडित/विस्थापित हुनपुग्छन् तर आयोजनाबाट हुने फाइदा भने अन्यत्र शहरमा पुग्छ भनेर देखाइएको छ ।

यस खण्डमा समावेश अन्य दुई लेखले हरितगृह प्रभाव, मौसम परिवर्तन र यसमा अन्तरनिहित वातावरणीय अन्यायहरूको विश्लेषण गरेका छन् । मौसम परिवर्तनबाट जैविक विविधता र जनजीवनमा पर्ने नकारात्मक प्रभावले हरितगृह ग्यास उत्सर्जनमा कम भूमिका भएका नेपाललगायत अन्य गरिब देशहरू अन्यायमा परेको देखिन्छ । यी अन्याय हटाउन क्योटो प्रोटोकलले दिएको उपाय (कार्बनको खरिद बिक्री)ले सानो भूमिका खेल्न सक्छ । यस खण्डको अन्तिम लेखले जलउत्पन्न प्रकोपले वातावरणीय अन्याय कसरी सृजना गर्दछ भन्नेबारे लेखाजोखा गरेको छ। जल प्रकोप प्राकृतिक घटना भए पनि यसले कसलाई असर गर्छ भन्ने कुरा सामाजिक प्रकृयाले निश्चित गर्दछ । यसकारण सामाजिक न्याय/अन्यायको छाप प्राकृतिक प्रकोपमा पनि देखा पर्दछ । ♦